## शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྐྱོང་ཁྲབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

### वार्षिक प्रगति समीक्षा कार्यक्रमबाट तयार पारिएको

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

## आ.ब.२०८०/०८१

**मिति २०८१/०५/२१ गते यस शे-फोक्सुण्डो गाउँपालिकाको सभाहलमा आयोजित वार्षिक समीक्षा कार्यक्रमको निष्कर्षस्वरुप तयार पारिएको आ.ब.२०८०/०८१ को वार्षिक प्रगति समीक्षाको प्रतिवेदन यसप्रकार रहेको छः**

## भौतिक प्रगति

### क) पूर्वाधार तर्फः

- यस वर्ष जम्मा ६० वटा योजनाहरूको खरिद सम्झौता भएकोमा ५८ वटा योजनाहरूको निर्माण कार्य सम्पन्न भएको छ। २ वटा योजनाहरूको क्रमागत योजनाको रुपमा निर्माणाधीन छन्। निर्माण सम्पन्न भएका योजनाहरूमध्ये १४ वटा ठेक्का प्रणालीमार्फत र ४४ वटा उपभोक्ता समितिमार्फत सम्पन्न भएका छन्।
- जसमा

  प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतकाः १४ वटा
  मूख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतकाः ९ वटा
  कर्णाली प्रदेशबाट शसर्त अनुदानमार्फत प्राप्तः ३ वटा
  स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गतकाः ३ वटा
  गाउँपालिका अन्तर्गतकाः १५ वटा रहेका छन्।
- ठेक्का प्रणालीमार्फत सम्पन्न भएका योजनाहरू मध्येः
  - सिंचाइ निर्माण तर्फः ६ वटा
  - तटबन्धन निर्माण तर्फः ४ वटा
  - खानेपानी योजना निर्माण तर्फः १ वटा
  - सडक निर्माण तर्फः ३ वटा
- त्यस्तै क्रमागत योजनाहरूमध्ये गाउँपालिका प्रशासकीय भवन निर्माणाधीन छ। उक्त योजनाको हालसम्मको भौतिक प्रगति अनुमानित ४५ प्रतिशत र वित्तीय प्रगति ३० प्रतिशत भएको छ।
- यस वर्ष विश्व वन्यजन्तु कोष (WWF), गाउँपालिकाको साझेदारीमा वडा नं. ७ कु गाउँ र वडा नं. १ मोसी गाउँमा १/१ वटा सौर्य मिनिग्रेड निर्माणको कार्य सम्पन्न भएको छ। यसै वर्ष

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गाउँपालकाको साझेदारीमा वडा नं. १ देखि ५ सम्मका जम्मा ४४५ घरधुरीको लागि २८७ किलो वाटको सौर्य मिनिग्रेट परियोजनाको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्धारा ठेक्का सम्झौता भइसकेको छ।

❖ यसै वर्ष गाउँपालिका अन्तर्गत वडा नं. ९ पुग्मो, वडा नं. १ निजाल र वडा नं. ७ कुगाउँका लागि मोबाइल टावर जडान गर्ने योजना रहेकोमा वडा नं. ९ को टावर जडान सामग्रीको ढुवानीको कार्य सम्पन्न भएको छ। अन्य ठाउँमा सामग्री ढुवानीको चरणमा छ।

**ख) सामाजिक विकासः**

लघु उद्यम विकास कार्यक्रम अन्तर्गतः जम्मा ४ वटा तालिम तथा कार्यक्रम
महिला, बालबालिका तथा ज्येष्ठनागरिक विकास कार्यक्रम अन्तर्गतः २ वटा कार्यक्रम
कृषि तर्फः जम्मा ४ वटा कार्यक्रम
बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत जम्माः ४ वटा कार्यक्रमहरू सम्पन्न भएका छन्।

**ग) पशुसेवा तर्फः**

पालिकामा ठुला साना गरी जम्मा १३६४० पशुवस्तुहरू रहेकोमा यस वर्ष २१०० पशु बस्तुलाई लम्पी स्किन खोप लगाइएको छ भने १३६९ पशुवस्तुहरूलाई रोगको उपचार गरिएको छ।

**घ) स्वास्थ्य तर्फः**

पालिका अन्तर्गतका ३ वटा स्वास्थ्य चौकीहरूबाट गत वर्ष जम्मा १०४७ जनाले ओ.पि.डि.सेवा लिएका छन्। स्वास्थ्यतर्फ खोप अभियान तथा विविध कार्यक्रमहरू गरी जम्मा ८ वटा कार्यक्रमहरू सम्पन्न भएका छन्। स्वास्थ्य तर्फका स्विकृत दरबन्दी संख्या जम्मा १७ जनामा १६ जनाको पदपूर्ति भएको छ।

**ङ) शिक्षा तर्फः**

पालिका अन्तर्गतका जम्मा १३ वटा विद्यालयहरूमध्ये १ वटा माध्यमिक विद्यालय, 4 वटा आधारभूत तह (१-८ सम्म) र ८ वटा आधारभूत तह (१-५ सम्म) विद्यालयहरू रहेका छन्। जसमा सबै तहका गरी जम्मा ६७६ विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। यस वर्ष SEE परीक्षामा जम्मा

१२ जना सहभागी भएकोमा १० जना उत्तिर्ण भएका छन्। उत्तिर्ण विद्यार्थीहरूले औषत ३ GPA प्राप्त गरेका छन्।

## सेवा प्रवाह तर्फः

आ.ब.२०८०/०८१ मा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरूको उपयुक्त समन्वय र सहकार्यबाट कार्यालय प्रदान गरेको सेवा प्रवाह सन्तोषजनक देखिएको छ। नागरिकबाट कुनै ठोस गुनाशो तथा उजुरीहरू प्राप्त भएका छैनन्। आगामी दिनमा समेत यसै गरी गाउँपालिकाको सेवा प्रवाहलाई उत्कृष्ट र जनमुखी बनाउँदै लैजाने सम्बन्धमा सबैबाट प्रतिबद्धता जाहेर भएको छ।

## वित्तीय प्रगति

- ❖ चालु तर्फ रु. १६,७६,०७,८०१.६६ विनियोजित भएकोमा रु.१३,८६,८४,५०७.६६ (८२.७४ प्रतिशत) प्रगति भएको छ।
- ❖ पूँजीगत तर्फ रु. १९,२६,६५,८११.७ विनियोजित भएकोमा रु.१४,२९,५५,२५७ (७४.१९ प्रतिशत) प्रगति भएको छ।
- ❖ गत आर्थिक वर्षको औषत वित्तीय प्रगति ७८.४६ प्रतिशत भएको छ।

## बेरुजुको स्थितिः

महालेखापरीक्षकको ६१ औँ वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० सम्मको कुल अद्यावधिक बेरुजु रु.३ करोड ४७ लाख ८३ हजार रहेकोमा आ.ब.२०८०/०८१ मा २ करोड २२ लाख ७५ हजार बेरुजु फछ्यौंट भइ संपरीक्षण गरिएको छ। भने बाँकि बेरुजु १ करोड २५ लाख ०८ हजार रहेको छ ।

**कार्यसम्पादन मूल्यांकन तर्फ:**

- ❖वित्त आयोगद्धारा मूल्यांकित स्थानीय सरकारको कार्यसम्पादन सूचकमाः जम्मा ४२.०६ अंक प्राप्त भएको छ।
- ❖स्थानीय तह संस्थागत स्वमूल्यांकन (LISA) माः ८१.७५ अंक प्राप्त भएको छ।
- ❖स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) माः ९१ अंक प्राप्त भएको छ।

यसरी, गाउँपालिकाको कार्यसम्पादन सूचकहरूमा समेत गत आर्थिक वर्षको भन्दा उल्लेख्य रुपमा सुदृढ हुँदै गएको छ। आगामी दिनमा पालिकाले आफ्ना कार्यसम्पादन सूचकहरूमा अँझै उत्कृष्ट नतिजा हासिल गर्ने अपेक्षा गरिएको छ। यसमा सबै जनप्रतिनिधि र कर्मचारीहरूले प्रतिबद्धता समेत जनाउनुभएको छ।